नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राजस्व अनुसन्धान विभाग
हरिहरभवन, पुल्चोक, ललितपुर

# प्रेस विज्ञप्ती

## झुट्टा तथा नक्कली मू.अ.कर विजक प्रयोग गरी राजस्व चुहावट गरेको कसुरमा तपसलिमा उल्लेखित फर्महरुका संचालक, प्रोप्राईटर तथा मुख्य अभियुक्तहरुबाट १ अर्व ३४ करोड ९५ लाख विगो असुल उपर गरी जरिवाना र कैद सजाय समेत हुन मागदावी लिई उच्च अदालत पाटनमा २ (दुई) वटा मुद्दा दर्ता गरिएको।

**१. झुट्टा तथा नक्कली मू.अ.कर विजक प्रयोग गरी राजस्व छलि गर्ने बारा जिल्ला सिमरा पिपरा वडा नं.-१ वस्ने न्यू सयपत्री ईन्टरप्राईजेज (स्था.ले.नं. ६०२२९८६३८) का प्रोप्राईटर विवेक मगर समेत १३ वटा फर्मका संचालक, प्रोप्रईटरहरु तथा मुख्य कारोवारी मनिष कुमार समेत १५ जनाबाट रु.१,२२,२०,१९,०१९।- (अक्षरुपी एक अर्व बाइस करोड वीस लाख उन्नाइस हजार उन्नाइस रुपैंया मात्र) विगो असुल गरी जरिवाना र कैद सजाय मागदावी लिई मिति २०७७।०९।२२ गते श्री उच्च अदालत पाटनमा मुद्दा दायर गरिएको।**

**न्यू सयपत्री ईन्टरप्राईजेज (स्था.ले.नं. ६०२२९८६३८)** लगायत विभिन्न १३ वटा फर्महरु कमजोर आर्थिक अवस्था भएका मजदुर लगायतका व्यक्तिको नाममा दर्ता गरि विभिन्न फर्महरुको नाममा झुठ्ठा तथा नक्कली बिक्री बीजक जारी गरी आ.व. **२०७१/०७२ देखि २०७३/०७४** सम्ममा मू.अ.कर तथा आयकर राजस्व चुहावट गरेकोले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ३ ले निषेधित गरेको कार्य गरी ऐ.ऐनको दफा ४ को (क),(ख), (ग),(घ) र (झ) बमोजिम कसुर गरी **मु.अ.कर तर्फ रु. ३७,३६,६३,१७३।-आयकर तर्फ रु. ८४,२९,०८,७६९।-र लाभांश कर तर्फ रु. ५४,४७,०७७।-** राजस्व चुहावट गरेकोले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २(छ१) बमोजिम कूल जम्मा **विगो रु. १,२२,२०,१९,०१९।- (अक्षरुपी एक अर्व बाइस करोड वीस लाख उन्नाइस हजार उन्नाइस रुपैंया मात्र)** कायम गरी प्राप्त सवै सवुद प्रमाणबाट राजस्व चुहावट गरेको कसुर स्थापित हुन आएकोले **न्यू सयपत्री ईन्टरप्राईजेज (स्था.ले.नं. ६०२२९८६३८) का प्रोप्राईटर विवेक मगर** समेत

विभिन्न १३ वटा फर्मका संचालक तथा प्रोप्राईटहरु र मुख्य व्यक्ति समेत १५ जनालाई उल्लिखित कसूर अपराधमा राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २३ को उपदफा (१) र (३) तथा सोही ऐन (पहिलो संशोधन -२०७६)को दफा २३(१), २३(१) को खण्ड (घ) र २३ (४) वमोजिम विगो रकम **१,२२,२०,१९,०१९।-** असुल उपर गरी जरिवाना र कैद सजाय हुन माग दावी लिई मिति २०७७।०९।२२ गते श्री उच्च अदालत पाटन ललितपुरमा मुद्दा दायर गरिएको।

**२. झुट्टा तथा नक्कली मू.अ.कर विजक प्रयोग गरी राजस्व छलि गर्ने सर्लाही जिल्ला बलरा गाउँपालिका वडा नं.-२ वस्ने संकित जेनेरल सप्लायर्स प्रा.लि. (स्थायी लेखा नं. ६०११७६५७९) का संचालक सुवोध साहबाट रु.१२,७५,५१,६१४।- (अक्षरेपी बाह्र करोड पचहत्तर लाख एकाउन्न हजार छ सय चौध रुपैया मात्र) विगो असुल गरी जरिवाना र कैद सजाय मागदावी लिई मिति २०७७।०९।२४ गते श्री उच्च अदालत पाटनमा मुद्दा दायर गरिएको।**

**संकित जेनेरल सप्लायर्स प्रा.लि. (स्थायी लेखा नं.६०११७६५७९) का संचालक सुवोध साहले** ले कुनै बस्तु तथा सेवा खरिद तथा आयात नगरी विभिन्न फर्महरुलाई नक्कली एवं झुट्टा बिजक उपलब्ध गराई जालसाजी गरी मूल्य अभिबृद्धि कर तथा आयकर छलि गरी मूल्य अभिवृद्धि कर र आयकर समेतको राजस्व चुहावटको कसूर गरेको देखिएकोले उक्त फर्मका संचालक सुवोध साहले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन,२०५२ को दफा ३ ले निषेधित एवं सोही ऐनको दफा ४ को खण्ड (क), (ख), र (छ) बमोजिम कसुर गरी साहारा एण्ड खातुन ट्रेडर्सले **मु.अ.कर तर्फ रु. ४,५१,२७,२७३।- आयकर तर्फ रु. ७,१८,६६,४४६।-र लाभांश कर तर्फ रु. १,०५,५७,८९५।- राजस्व** चुहावट गरेकोले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २(छ१) बमोजिम कूल जम्मा **विगो रु.१२,७५,५१,६१४।- (अक्षरेपी बाह्र करोड पचहत्तर लाख एकाउन्न हजार छ सय चौध रुपैया मात्र)** कायम गरी प्राप्त सवै सवुद प्रमाणबाट राजस्व चुहावट गरेको कसुर स्थापित हुन आएकोले **संकित जेनेरल सप्लायर्स प्रा.लि. (स्थायी लेखा नं. ६०११७६५७९) का संचालक सुवोध साह**लाई उल्लिखित कसूर अपराधमा राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २३ को उपदफा (१) र (३) तथा सोही ऐन (पहिलो संशोधन -२०७६) को दफा २३(१), २३(१) को खण्ड (घ) र २३ (४) वमोजिम विगो रकम **रु.१२,७५,५१,६१४।-** असुल उपर गरी जरिवाना र कैद सजाय हुन माग दावी लिई मिति २०७७।०९।२४ गते श्री उच्च अदालत पाटन ललितपुरमा मुद्दा दायर गरिएको।

**सूचना अधिकारी**
**राजस्व अनुसन्धान विभाग**